# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

श्री पालुस्थान माध्यमिक विद्यालय बेउलीवास, पर्वतमा नि.मा.वि. तहका विज्ञान विषयका शिक्षकका रुपमा कार्यरत इन्द्रप्रसाद भुसालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेकाले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, उत्तरप्रदेश, भारतबाट आई.एस.सी तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी शुरु नियुक्ति तथा बढुवा समेत भई बहाल रही लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता